# करैयामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
करैया, बारा

# शिलबन्दी दरभाउपत्र आह्वानको सूचना
(प्रकाशित मिति २०७९/०२/०९ )

यस कार्यालय अर्न्तगत अधारभुत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि औषधी सप्लाई कार्य शिलबन्दी दरभाउपत्रबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक **औषधि सप्लायर्स**बाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरु:**

१. दरभाउपत्र फाराम तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथ सप्लायर्सबाट चालू आ.व.को लागि नवीकरण भएको इजाजत, आ.व. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाण पत्र तथा मू.अ.क.,आयकर दर्ता प्रमाणपत्रको **प्रमाणित प्रतिलिपि** संलग्न राखी निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे सम्म यस कार्यालयमा दरभाउपत्र दर्ता गराउन सकिनेछ। रीतपुर्वक समय भित्र प्राप्त हुन आएको दरभाउपत्र सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्रको साथमा ठेक्काको लागि तपसीलमा उल्लेखित दरभाउपत्र जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एन.सी.सी. बैंक करैयामाई, मधुवन शाखामा रहेको धरौटी खाता नं.१३९०००००४८०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममाजारी भएको १०५ दिन म्याद भएको बैंक जमानत (बैंक ग्यारेन्टी) सक्कलै पेश गर्नु पर्ने छ ।

४. दरभाउपत्रमा दररेट उल्लेख गर्दा बील अफ क्वान्टिटीस को प्रत्येक आईटमको प्रति गोटा/सेटको अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्य हुनेछ ।

५. दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ ।

६. दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र मोबाईल नम्बर, इमेल आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

७. दरभाउपत्र पेश गर्दा खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा लगतै क्रमश: कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

८. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयबाट बुझ्न सकिनेछ ।

९ BOQ भर्दा प्रति गोटा/सेटको अंक र अक्षरमा भरी परिमाण अनुसार हुन आउने जोड जम्मा रकम अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

१०. अन्य शर्तहरु प्रचलित ऐन तथा नियमावली वमोजिम हुनेछ ।

## ठेक्का विवरण

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम रु | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फाराम दस्तुर रु. | ठेक्काको किसिम | सप्लाई स्थल |
|---|---|---|---|---|---|---|---|
| १ | १८/०७८/०७९ | अधारभुत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि औषधी सप्लाई कार्य | ५९३१०७/- | १८०००/- | १०००।- | दरभाउपत्र | करैयामाई गाउंपालिका, बारा |

**प्रमुख प्रशासकिय अधिकृत**